# शोध सारांश

‘सिक्किमका लेप्चाहरूको भाषिक व्यवहारः समाजभाषिक अध्ययन’ शीर्षकअन्तर्गत विशेषतः सिक्किम, लेप्चा, भाषिक व्यवहार र समाजभाषिक अध्ययन, यी चार कुराहरू रहेका छन्। शोध प्रबन्धमा रहेका जम्मा पाँचवटा अध्यायअन्तर्गत यी विषयहरूबारे चर्चा गरिएको छ। सिक्किम एउटा बहुभाषिक समाज हो। यस प्रदेशलाई चिनाउने छवटा नामद्वारा नै यहाँको भाषिक विविधता अनि समृद्धि स्पष्ट हुँदछ। अनुसन्धेय विषयबारे सन् १८३० देखि सन् २०१८ सम्म भएका अध्ययनहरूलाई पूर्वकार्यको सर्वेक्षणमा समावेश गरी त्यसैका आधारमा यस शोधको समस्या निर्धारण गरिएको छ। प्रस्तुत शोधका जम्मा सातवटा समस्याहरू रहेका छन्। समाजभाषिक अध्ययनका आधारमा सिक्किमका लेप्चाहरूको भाषिक व्यवहारगत वास्तविकताको अध्ययन गर्नु र तिनका भाषिक व्यवहारमा देखा पर्ने विभिन्न विशेषताहरूका पछाडि रहेका सामाजिक कारण अनि स्थितिको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मूल समस्या हो। सामाजिक वर्गीकरण एवम् विभिन्न सन्दर्भ र स्थितिका कारण उनीहरूको भाषिक व्यवहारमा पाइने विविधताको अध्ययन; बहुभाषिकता, भाषा चयन, कोड मिश्रण अनि भाषिक निष्ठाको अध्ययनलाई पनि यस कार्यको मुख्य समस्या मानिएको छ।

प्रस्तुत शोधकार्यका निम्ति प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रकार्यद्वारा गरिएको छ। विभिन्न समूह, स्थिति, तह, वर्ग, श्रेणी आदिको प्रतिनिधित्व गराउन हेतु वर्गीकृत नमुना छनोट पद्धति ग्रहण गरिएको छ। प्रस्तुत शोधकार्यका लागि सिक्किम राज्य, पश्चिम बङ्गालको दार्जिलिङ अनि कालेबुङ जिल्ला अनि पूर्वी नेपालको इलाम, फिक्कल-छिरूवा, श्रीअन्तु तथा अम्बिटार आदि क्षेत्रको सर्वेक्षण गरियो। प्राथमिक सामग्रीको सङ्कलन जम्मा तीनसय एकानब्बेवटा प्रश्नावली, अट्ठाइसवटा प्रत्यक्ष अन्तर्वार्ता, एघाह्रवटा टेलिफोन अन्तर्वार्ता, सोह्रवटा अनुष्ठानमा सहभागिता, एकसय सत्ताइसवटा पूरालेख दस्तावेज, त्रिचालिसवटा आधिकारिक/प्रशासनिक पत्राचार, सिक्किम सरकारको प्रशासनिक रिपोर्ट, अनि तीनवटा वृत्तचित्रको सहयोगद्वारा गरिएको छ। प्रस्तुत शोधको अध्ययनको आधार समाजभाषाविज्ञान रहेको छ। यसको विधि निगमनात्मक अनि पद्धति विश्लेषणात्मक रहेको छ। जम्मा २९० पृष्ठ रहेको यस शोध प्रबन्धको पहिलो अध्यायमा ‘शोधको परिचय’, दोस्रो अध्यायमा ‘समाज

भाषाविज्ञानको सैद्धान्तिक परिचय’, तेस्रो अध्यायमा ‘सिक्किममा लेप्चा जाति अनि भाषा’, चौथो अध्यायमा ‘सिक्किमका लेप्चाहरूको भाषिक व्यवहार’ अनि पाँचौँ अध्यायमा ‘उपसंहार र निष्कर्ष’ राखिएको छ। समस्याका रूपमा उठान गरिएका विषयहरूबारे चर्चा अनि विश्लेषण तेस्रो अनि चौथो अध्यायमा राखिएको छ। शोधको प्राप्तिलाई तलका बुँदाहरूमा राखिएको छ।

रोङ वा लेप्चा जातिको प्राचीन उपस्थितिबारे विभिन्न स्रोत, सन्दर्भ र प्रलेख आदिले गरेको पुष्टि अनि प्रामाणिक तर्कका आधारमा सिक्किमको सर्वप्राचीन भाषा *रोङरिङ* वा लेप्चा भाषालाई मानिएको छ। कतिपय विद्वान्हरूले सिक्किममा लेप्चा जाति सँगसँगै मगर अनि चोङ वा लिम्बू जाति पनि प्राचीन कालदेखि बसोबास गर्दै आएका हुन् अनि उनीहरूको आफ्नै भाषा र प्राचीन लिपिसमेत उपलब्ध थियो भन्ने मत प्रस्तुत गरेका छन्। यस दृष्टिमा लेप्चाहरूको सर्वप्रथम भाषिक सम्पर्क चोङ र मगरहरूसित भएको मान्न सकिन्छ। सिक्किमको इतिहासका जम्मा आठवटा चरण एवम् सन् १६४२ देखि सुरु भएको नामग्याल शासन अनि काजी व्यवस्था, तिब्बती लामावाद, इसाई मिसनेरी तथा धर्म प्रचार, लिपि, मुद्रण र प्रकाशनका कारण भाषिक प्रचलन तथा व्यवहार प्रभावित बनेको पाइन्छ।

धर्म अनि शिक्षालाई सामाजिक परिवर्तन ल्याउने प्रमुख घटक मानिन्छ। प्रस्तुत अध्ययनले यी कुराहरूले सामाजिक सँगसँगै भाषिक प्रयोग अनि व्यवहारमा पनि अन्तर ल्याउने गरेको प्रमाणित गरेको छ। सिक्किमका लेप्चाहरूको भाषिक व्यवहारमा विविधता ल्याउने प्रमुख घटकका रूपमा धर्म अनि शिक्षा रहेको छ। पशु धर्मावलम्बी लेप्चाहरूमा तिब्बती लामावाद तथा तिब्बती भाषा अनि पछिबाट इसाई मतावलम्बनका कारण संस्कारगत एवम् भाषिक परिवर्तन तथा व्यवहारगत विविधता ल्याएको पाइएको छ। यसरी नै आधुनिक शिक्षा अनि बजार पनि भाषिक व्यवहारगत विविधता ल्याउने घटकका रूपमा रहेका छन्। यी कुराहरूले उनीहरूको भाषिक अभिवृत्ति तथा निष्ठामा पनि हेरफेर ल्याएको मान्न सकिन्छ। सिक्किमका लेप्चाहरूको भाषिक व्यवहारमा वृद्ध-जवान, गाउँ-सहर, स्त्री-पुरुष, उच्च-निम्न जस्ता द्विचरका कारण विविधता आएको पाइन्छ।

सहरी अनि औद्योगिक क्षेत्रमा बसोबास गर्ने लेप्चाहरूमा बहुभाषिकताको टङ्कारो स्थिति देखा पर्छ। सम्भ्रान्त वर्गको भाषा अङ्ग्रेजी हो भन्ने मनोवृत्ति तथा भाषाको अर्थशास्त्रीय महत्त्वका कारण नयाँ पुस्तामा सकारात्मक भाषिक अभिवृत्ति तथा निष्ठा तुलनात्मक दृष्टिले थोरै रहेको मान्न सकिन्छ। लेप्चा

समाज मूल रूपमा वर्ग र जातरहित समाज हो। उनीहरूमा क्षतिचिह्न भाषिका (स्टिग्मेटाइज् डायलेक्ट) पाइँदैन। तर आज आर्थिक अनि व्यावसायिक कारणले गर्दा लेप्चा समाजमा उच्च र निम्न वर्गीय भेद छुटिँदै गएकाले भाषिक व्यवहार अनि रूपमा हेरफेर आएको पनि देखिन्छ।

लेप्चा समुदायमा लिङ्ग सामाजिक विभाजनको मुख्य आधार रहेको पाइँदैन। लेप्चा पुरुषको तुलनामा स्त्रीहरूको भाषा अलि बढी विनयशील एवम् दीर्घी किसिमको हुने गरेको पाइएको छ। स्त्रीहरूमा समेत शिक्षा र सामाजिक स्तर अनि व्यवसायले भाषिक आचरणलाई प्रभावित तुल्याएको बुझिन्छ। मुख्यतः उमेर र आमा हुनुको उत्तरदायित्ववोध अनि गौण रूपमा शिक्षा लेप्चा स्त्रीहरूको भाषिक व्यवहारगत विविधताका मूल घटक रहेका छन्।

विभिन्न परिस्थिति अनि सन्दर्भ जस्तै घर-परिवार, स्कुल, व्यपार आदि कार्यक्षेत्रमा विशिष्ट भाषिक रूप वा भेदको प्रयोग गरिन्छ। यसरी नै विभिन्न क्रियाकलाप, जस्तै जनभेलामा हुने सम्बोधन, वैयक्तिक सम्प्रेषण, सांस्कृतिक कार्यसम्पादन आदिका लागि प्रयोग हुने भाषा पनि भिन्न हुने गरेको पाइन्छ।

लेप्चा मुन-बुङथिङले प्रयोग गर्ने आनुष्ठानिक भाषा साधारण बोलचालको भाषाभन्दा भिन्न हुन्छ। पारिवारिक सन्दर्भमा भाषा प्रयोग प्रायजसो सूचनात्मक हुने गरेको पाइन्छ। पारिवारिक स्थितिमा धेरैजसो नै अपूर्ण वाक्यद्वारा सूचना सम्प्रेषण गर्ने गरिन्छ। पारिवारिक सन्दर्भमा आज्ञा, सूचना र निर्देश बुझाउने किसिमका शब्द, पदबन्ध वा वाक्यांशहरू बढी प्रयोग हुने गरेको पाइएको छ।

सिक्किममा व्यापारिक सम्पर्कका लागि कुनै निर्दिष्ट भाषाको प्रयोग भएको पाइँदैन। सहर बजारमा व्यापारी-ग्राहक माझ हुने भाषिक सम्पर्कमा बहुभाषिकता नै मूल माध्यम देखिन्छ। गान्तोक सहरका लेप्चा समुदायले व्यापार-वाणिज्यका लागि हिन्दी र नेपाली सँगसँगै अङ्ग्रेजी भाषाको पनि प्रयोग गर्ने गर्छन् भने अन्य सहर बजारहरूमा लेप्चा समुदायले नेपाली अनि हिन्दी भाषाको प्रयोग गर्छन्। एउटा रोचक विषय के रहेको छ भने उत्तर सिक्किमको मङ्गन अनि जङ्गु क्षेत्रको सीमामा अवस्थित पूर्व सिक्किमको दिक्चु बजारमा व्यपारिक आदान-प्रदानका लागि लेप्चा भाषा पनि प्रयोग हुने गर्दछ।

स्वपरम्परागत जीवनदृष्टिमा जात, धर्मप्रति कठोर अनुशासन नरहेकाले नै लेप्चा समाजमा अन्तर्जातीय विवाह र बहुआस्था स्वीकृत हुने गरेको पाइन्छ। यस्तो स्थितिका कारण लेप्चा भाषाको

प्रचलन र व्यवहारमा प्रतिकूल प्रभाव परेको थाहा लाग्छ। अन्तर्जातीय परिणयमा गाँसिएका स्त्री-पुरुषका छोरा-छोरीले लेप्चा भाषा अधिग्रहण विरलै गर्ने गरेको पाइएको छ। लेप्चा भाषिक समुदायमा बहुभाषिकताको स्थिति सिर्जना हुनका पछि अन्तर्जातीय विवाह एउटा मुख्य कारक देखा पर्छ। आजको व्यवस्था र बहुभाषिकताका कारण भाषा चयनको स्थितिमा हेरफेर आएको थाहा लागेको छ। बहुभाषिकता, व्यवसायिक लाभ अनि उत्तरजीविताका कारण लेप्चा समाजमा भाषा अपसरण भएको पाइन्छ। लेप्चा समुदायमा निहित सामाजिक बहुभाषिकता अनि एकाधिक भाषिक सम्प्रेषण कौशलका कारण लेप्चा जातिले परिस्थितिअनुसार भाषिक चयन गर्ने स्थिति स्पष्ट परिलक्षित छ। अन्य भाषी रहेका गाउँले परिवेशमा नेपाली भाषा नै सम्पर्क भाषाका रूपमा स्थापित रहेकाले सबै लेप्चाहरू सामाजिक सम्पर्कमा नेपाली भाषाको चयन गर्दछन्। यद्यपि उत्तर सिक्किमको जङ्गु र पश्चिम सिक्किमको माङदेरलाई भने अपवादका रूपमा लिन सकिन्छ।

सिक्किमको लेप्चा भाषिक समुदायमा पनि कोड मिश्रण र परिवर्तनको स्थिति देखा पर्छ। बुढापाका र गाउँलेहरूमा कोड मिश्रणको स्थिति न्यून छ भने सहरकाहरू अनि जवान-विद्यार्थीहरूले लेप्चा भाषाको प्रचलनमा धेर कोड मिश्रण गर्ने गर्छन्। यस दृष्टिमा सहरे सभ्यता, व्यापार-वाणिज्य अनि व्यवसायसितको सम्बद्धता तथा आप्रवासनलाई कोड मिश्रण अनि कोड परिवर्तन ल्याउने मुख्य सामाजिक कारक मान्न सकिन्छ।

क्षेत्रकार्यद्वारा प्राप्त जानकारीअनुसार ८७.७८ प्रतिशत लेप्चाहरूमा आफ्नो भाषाप्रति सकारात्मक अभिवृत्ति रहेको थाहा लागेको छ। लेप्चा भाषाले कुनै आर्थिक लाभ वा व्यवसाय नदिए तापनि जातीय संस्कृति, परम्परा, संस्कार, इतिहास बोधका निम्ति यो भाषा जान्नु आवश्यक रहेको कुरा ७८.८७ प्रतिशतले व्यक्त गरेका छन्। धार्मिक वा सांस्कृतिक सन्दर्भअनुरूपको भाषिक प्रयोगले उनीहरूमा सांस्कृतिक चिनारीको भाव पुनर्स्थापित गर्दछ भने भाषाको सामाजिक प्रचलनले सामाजिक मान्यतालाई स्थापित गरेको मान्न सकिन्छ। ८३.३७% लेप्चाहरूले आफ्नो भाषा र संस्कृतिमा गर्व गर्ने कुरा जनाएका छन्। यस्तो विचार जाग्रत हुनका पछि आजको सांस्कृतिक पुनर्गजागरण अनि चिनारीको राजनीति पनि एउटा मूल कारक रहेको मान्न सकिन्छ। उनीहरूको भाषा अनि संस्कृतिमा सिक्किम अनि पार्श्ववर्ती परिवेशका प्रशस्तै प्रतीक विद्यमान रहेको पाइन्छ। त्यसैले भाषिक, सांस्कृतिक अस्तित्वको

मुद्दाबारे लेप्चाहरू पनि सचेत देखिन्छन्।

सन् १९७८ मा पहिलोपल्ट लेप्चा भाषालाई  राज्य पढाउने व्यवस्था रहेको पाइँदैन फलस्वरूप यी विद्यालयमा पढ्ने नानीहरू मातृभाषा शिक्षाबाट वञ्चित रहेका छन्। यसर्थ यी विद्यालयहरूमा लेप्चा भाषाका रूपमा मान्यता प्रदान गरियो। सिक्किमका स्कुल, कलेज र विश्वविद्यालयमा लेप्चा भाषा-साहित्य पठन-पाठनको व्यवस्था रहेको छ। राज्यका निजी विद्यालयहरूमा लेप्चा भाषाको अध्ययन-अध्यापन सुरु गर्न आवश्यक देखिन्छ। सिकिमका प्रायः जसो लेप्चा बहुल क्षेत्रमा लेप्चा भाषाको प्रचलन रहेको पाइए तापनि कतिपय कार्यक्षेत्रमा यसको प्रचलन घट्दै गएको पाइन्छ। लेप्चा भाषाको विकासका लागि एउटा पारदर्शी सरकारी नीति र योजना तथा प्रशासनिक पहल अत्यावश्यक रहेको छ।